# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०७८/०७९

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०९/११)*

मरिण गाउँपालिका अन्तर्गत सञ्चालित आधारभूत विद्यालय देउराली मा रिक्त आधारभुत तह कक्षा(६-८)को **गाउँपालिकाद्वारा प्रदान गरिएको शिक्षण सिकाइ सहयोग अनुदान कोटामा** करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

| विज्ञापन नं. | विषय | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | तलब तथा अन्य सुविधा | दरखास्त दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ११/२०७८/०७९ | गणित | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा १०+२ वा सो सरह उत्तीर्ण | गाउँपालिकाको नियमानुसार | १,०००/- |

- उमेर हद: १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको ।
- दरखास्त दिने स्थान: मरिण गाउँपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।
- दरखास्त दिने अन्तिम म्याद: २०७८/०९/२५ गते सम्म ।
- दरखास्त साथ पेश गर्ने कागजातहरु: नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि, तालिम र अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्ने छ ।
- परीक्षाको किसिम: लिखित तथा अन्तरवार्ता ।
- सम्पर्क मिति: दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट ।
- लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।
- दरखास्त फारम यस गाउँपालिकाको वेभसाइट **www.marinmun.gov.np** मा प्राप्त गर्न सकिनेछ ।

२०७८/०९/११

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**